मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक १५ गते शनिबार ❑ 1 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकी प्रदेशमा यसै वर्ष सतप्रतिशत विद्युत पहुँच पुग्ने

पोखरापत्र संवाददाता
पोखरा, १४ कार्तिक

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रप्रसाद पाण्डेले यसै आर्थिक वर्षभित्र प्रदेशका सबै बस्तीमा सतप्रतिशत विद्युत पहुँच पुर्‍याउने बताउनु भएको छ।

उपभोक्ता हित संरक्षण मञ्च नेपालले शुक्रबार पोखरामा आयोजना गरेको ' विद्युत उपभोक्ताको अधिकार र हालको कानुनी व्यवस्था' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मुख्यमन्त्री पाण्डेले बाँकी रहेका दुर्गम क्षेत्रहरूमा सौर्य (सोलार) र लघु जलविद्युत परियोजना मार्फत विद्युत विस्तारको काम तीव्र गतिमा भइरहेको जानकारी दिदै यसै बर्ष उज्यालो प्रदेश घोषणा गरिने भएको जनाउनुभयो।

नेपाल बिद्युत प्राधिकरणलाई प्रदेश सरकारले उक्त अभियान सफल पार्न ७२ करोड रुपैया भुक्तानी दिने गरी सम्झौता गरे बमोजिम केही स्थानमा बिद्युतको पहुच यही आर्थिक बर्ष भित्र पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। विद्युत वितरणमा रहेका काठेपोल प्रतिस्थापन तथा नयाँ ट्रान्सफर्मर जडान जस्ता कामहरू पनि प्राथमिकताका साथ अघि बढाइएको उहाँको भनाई थियो। उपभोक्ताहरुको रक्षा एवं हितको लागि प्रदेश सरकारले हालसम्म ३० हजार ४ सय वटा काठेपोल प्रतिस्थापन गरिएको मुख्यमन्त्री पाण्डेले जनाउनुभयो। प्रदेशमा रहेका ९२ वटा लघु जलबिद्युत आयोजनालाई पुरा क्षमतामा



संचालनको लागि प्रदेश सरकारले आवश्यक मर्मत संहार गर्ने भएको उहाँले उल्लेख गर्नुभयो।

नियमन निकायले बिद्युत महशुलको बिषयमा समयमै समस्याको समाधान नगरेका कारण आज ट्रंक लाइन र डेडिकेट लाइनको बिबादले केही उद्योगहरुको बिद्युत लाइन काटिनुले यसको धेरै क्षेत्रमा प्रभाव परेको मुख्यमन्त्री पाण्डेले बताउनु भयो। सेवा शुल्क वापत उद्योगहरुले कति रकम बुझाउनु पर्ने हो भनेर हेरेको मात्र ५ प्रतिशत दिनुपर्ने व्यवहारिक नभएको उहाँले जनाउनु भयो। नियमक निकायलाई कमाउने ठाँउ बनाउनु भन्दा यसलाई सहज र सरलीकरण गर्न उहाँले आग्रह गर्नुभयो। न्यूनतम शुल्क १ देखि २ प्रतिशत राख्दा पनि हुने उहाँको भनाई थियो। नेपाल बिद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रमान शाक्यलाई त्यहाँबाट हटाए पनि हाल बिद्युतको लाइट काटिएको गुनासो गर्दै मुख्यमन्त्री पाण्डेले आफ्नो निवासमा वासिङ मेसिन ढुंकका साथ चलाउन सक्ने बिद्युतको सप्लाइ नभएको दाबी गर्नुभयो। अहिले पनि दिनको ५ पटक बिद्युत लाइन जाने गरेको उहाँले बताउनु भयो। मुख्यमन्त्री पाण्डेले हालैको जेन-जी आन्दोलनका कारण प्रदेशमा करिब ५ अर्ब रुपैयाँ बराबरको क्षति भएको उल्लेख गर्दै त्यसमा नीजि क्षेत्रको अन्दाजी ३ अर्ब रुपैयाँको क्षति पुगेको बताउनु भयो।प्रभावित क्षेत्र र व्यवसायीलाई राहत दिलाउनका लागि प्रदेश सरकार गृहकार्य गर्दै रहेको उहाँले जनाउनुभयो। उपभोक्ताको हकहित र विद्युत सेवामा सुधारलाई प्रदेश सरकारको प्राथमिकताको विषय रहेको बताउँदै मुख्यमन्त्री पाण्डेले 'विद्युत सम्बन्धी स्पष्ट अधिकार प्रदेश सरकारलाई नहुँदा कार्यान्वयनमा कठिनाइ भएको तर्क गर्नुभयो। प्रदेश र स्थानीय सरकारलाई कानुनी अधिकार दिएर मात्रै नागरिकको समस्या समाधान र उपभोक्ताको अधिकार सुनिश्चित गर्न सकिन्छ।' मुख्यमन्त्री पाण्डेले भन्नुभयो। प्रदेशका उद्योगधन्दा पुनः सञ्चालन, मजदुरलाई रोजगारीको ग्यारेन्टी, उपभोग्य वस्तुको मूल्यवृद्धि नियन्त्रण र आपूर्ति सहज बनाउने विषयमा उहाँले जोड दिनुभयो। खर्च कटौति र शुसासनको सुरुवात आफ्नो नेतृत्वको सरकारले गरेको दाबी गर्दै मुख्यमन्त्री पाण्डेले राइड शेयरिङ एपलाई प्रदेशमा मान्यता दिने निर्णयले अन्य प्रदेश र संघिय सरकारलाई यसबाट प्रेरणा मिलेको उहाँको भनाई छ। विद्युत नियमन आयोगका अध्यक्ष डा. राम प्रसाद धितालले ६० लाख घर परिवारमा विद्युत लाइन जडान भएको बताउनुभयो। बिद्युत अत्यावसेक सेवा भित्र पर्ने भएको बिद्युत लाइन काट्दा धेरै क्षेत्रलाई असर पर्ने उहाँले उल्लेख गर्नुभयो। तोकेको मात्र भोल्टेजमा बिद्युत दिन सके प्रति यूनिट ९:४० रुपैयामा झार्न सकिने धितालले जनाउनु भयो।

गण्डकी प्रदेशमा प्रमुख सचिव डण्डुराज घिमिरेले जल बिद्युतको क्षत्र अधिकार स्थानिय र प्रदेश सरकारलाई प्रष्टसंग तोक्नुपर्ने माग गर्नुभयो। मञ्चका अध्यक्ष ज्योति बाँनियाले नेपालमा हाल केही उद्योगहरुमा बिद्युत लाइन काटेर समस्याको समाधान नहुने त्यसको लागि वार्ता र छलफलबाट बिबाद टुंगाई व्यवसाय संचालनको वातावरण मिलाउन आग्रह गर्नुभयो।

पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले प्रदेश सरकार व्यवसायीहरुको पिर मर्कामा तथा कठिन अबस्थामा नजिकको सरकारको अनुभुति गराउन नसकेको गुनासो गर्नुभयो। जेनजी आन्दोलनमा तोडफोड र आगजनी गर्ने उपर कार्वाही सहित क्षतिपुर्ति भराउन उहाँले मुख्यमन्त्री पाण्डे समक्ष माग गर्नुभयो।

## गण्डकी प्रदेश प्रमुख भट्ट समक्ष अख्तियारको प्रतिवेदन पेश

पोखरापत्र संवाददाता
पोखरा, १४ कार्तिक

गण्डकीका प्रदेश प्रमुख डिल्लीराज भट्ट समक्ष अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराले आर्थिक वर्ष ०८१/८२ को ३५ औं वार्षिक प्रतिवेदन पेस गरेको छ।



आयोगका पोखरा कार्यालय प्रमुख डा. नारायण प्रसाद रेग्मीले शुक्रबार संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था बमोजिम प्रदेश प्रमुखसमक्ष प्रतिवेदन पेस गर्नुभयो। प्रदेश प्रमुख भट्टले भ्रष्टाचार नियन्त्रण र सुशासन नै आम नागरिकको मुख्य चाहना रहेकाले यसको नियन्त्रणमा प्रमुख भूमिका रहेको आयोग अझै सक्षम र प्रभावकारी रहनुपर्नेमा जोड दिनुभयो। ' आर्थिक अनियमितता, भ्रष्टाचार नियन्त्रणका काम चुनौतीपूर्ण छ। मुलुकमा सुशासन स्थापना गर्न, सुशासन प्रणाली बसाउन अख्तियार अझै क्रियाशील रहने विश्वास लिएको छु।' प्रदेश प्रमुख भट्टले भन्नुभयो।

राज्य संयन्त्रको तल्लो तहदेखि उपल्लो तहसम्मका कर्मचारी तथा जिम्मेवार व्यक्तिहरूको नैतिक आचरण शुद्ध र कामप्रति जवाफदेहिता हुनुपर्नेमा उहाँले जोड दिनुभयो। प्रदेश प्रमुख भट्टले भन्नुभयो- ' हामी जो जुन पद र जिम्मेवारीमा छौँ, राष्ट्रहितलाई ध्यानमा राखेर काम गर्ने हो भने सुशासन स्थापना हुन्छ। यसका लागि हामी आफ्नो ठाउँबाट आफ्नो अख्तियारीलाई दुरुपयोग नगरी लाग्नुपर्छ।' आयोग पोखरा कार्यालय प्रमुख डा. रेग्मीले नेपालको संविधानले व्यवस्था गरे बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा प्राप्त उजुरीको प्रारम्भिक छानविन एवं विस्तृत अनुसन्धान गर्ने, भ्रष्टाचार देखिएका उजुरीउपर विशेष अदालतमा आरोपपत्र दायर गर्ने तथा विशेष अदालतबाट भएको फैसला उपर चित्त नबुझेमा सर्वोच्च अदालतमा पुनरावेदन गर्ने कार्य आयोगबाट सम्पादन भइरहेको जानकारी गराउनुभयो।

आयोगको संवैधानिक दायित्वलाई थप प्रभाविकारिताका साथ निर्वाह गर्नका लागि आयोगले आर्थिक वर्ष ०८१/८२ मा पाँचौ रणनीतिक योजना तर्जुमा गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि विभिन्न उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत सुदृढीकरणका रणनीति, कार्यनीति र क्रियाकलापहरु तय गरेको उहाँले जानकारी दिनुभयो।

आर्थिक वर्ष २०८१/८२ मा आयोगको पोखरा कार्यालयमा दर्ता भएका उजुरी १ हजार २ सय १ वटा र अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका १ सय ५९ वटा गरी कूल १ हजार ३ सय ६० मध्ये १ हजार १ सय ७९ उजुरी स्क्रिनिङ र प्रारम्भिक छानविनबाट फछ्र्यौट भइसकेका छन्। विस्तृत अनुसन्धानतर्फ १ सय १ जुरी उजुरी मात्र फछ्र्यौट हुन बाँकी रहेको कार्यालय प्रमुख रेग्मीले जानकारी दिनुभयो।

देशभरको तुलनामा प्रदेशगत हिसाबमा गण्डकीमा उजुरी संख्या सबैभन्दा कम भएपनि स्थानीय तहमध्ये सबैभन्दा बढी उजुरी पोखरा महानगरपालिकामा रहेको रेग्मीले बताउनुभयो।

## 'हिडन भ्याली' मा फसेका १५ जना पर्यटकको उद्धार

रासस
म्याग्दी, १४ कार्तिक

धौलागिरि चक्रीय पदमार्गको 'हिडन भ्याली' मा फसेका तीन विदेशी पर्यटकसहित १५ जनाको शुक्रबार सुरक्षाकर्मीको टोलीले उद्धार गरेको छ।

म्याग्दीको धवलागिरी गाउँपालिका-४ मुदीको इटाली आधार शिविर भएर मुस्ताङको घरपझोङ गाउँपालिका-२ मार्फा जाने क्रममा सोमबार रातिदेखि भएको हिमपातले पदमार्ग पुरिएपछि १२ नेपाली र तीन जना बेलायतका पर्यटकहरू फसेका थिए।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जोमसोमबाट गएका सुरक्षाकर्मी र हिडन भ्यालीबाट आएका पर्यटकहरू समुन्द्री सतहदेखि चार हजार ९०० मिटर उचाइमा रहेको बतासे डाँडामा भेटेर जोमसोम ल्याइएको जानकारी दिनुभयो।

"पर्यटकलाई पदयात्रामा पठाएको कम्पनीले समस्यामा परेको भन्दै उद्धारका लागि अनुरोध गरेपछि बुधबार सुरक्षाकर्मीको टोली पठाएका थियौँ", उहाँले भन्नुभयो "पर्यटक, पथप्रदर्शक र पर्यटक मजदुर हरूको उद्धार गरिएको छ।"

काठमाडौँको सेक्रेट हिमालय ट्रेड एण्ड एक्पिडिसन ट्राभल एजेन्सीमार्फत पदयात्रामा गएका बेलायतका पर्यटकले हिँड्न गाह्रो पर्ने भएकाले मङ्गलबार साँझ सम्बन्धित कम्पनीमार्फत हेलिकप्टरबाट उद्धारको व्यवस्था मिलाउन अनुरोध गरेका थिए। मेरी रेप्स, क्याथोरिन विल्सन र इमिली कोट्स नाम गरेका बेलायतका महिला पर्यटक पदयात्रामा गएका थिए। पथप्रदर्शकले स्याटेलाइट फोनमार्फत उद्धारको अनुरोध गरेका प्रजिअ भुसालले बताउनुभयो। जोमसोमस्थित नेपाली सेनाको उच्च शिखर शिक्षालयका सेनानी प्रशान्त विष्टको नेतृत्वमा १५ जना तालिम प्राप्त सुरक्षाकर्मीलाई उद्धार कार्यमा परिचालन गरिएको उहाँले जानकारी दिनुभयो।

## कर्मचारी आवश्यकता


यस कालिका पब्लिक कलेज पोखरा-१० रामबजारलाई तपशिल अनुसार कर्मचारी आवश्यक परेकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकलाई सूचना प्रकाशित मितिले ७ दिनभित्र कार्यालय समयमा कलेजमा उपस्थित भई आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**पद : कार्यालय सहायक**
**शैक्षिक योग्यता : १०+२**
**उमेर : ४० वर्ष ननाघेको**
**पद : कार्यालय सहयोगी**
**शैक्षिक योग्यता : साधारण लेखपढ गर्न जान्ने**
**उमेर : ४० वर्ष ननाघेको**
**दरखास्त आइपुग्ने अन्तिम मिति :**
**२०८२ साल कार्तिक २१ गते शुक्रबार कार्यालय समयसम्म।**

त्रिभुवन विश्वविद्यालय कालिका पब्लिक कलेज पोखरा २०६४

विस्तृत जानकारीका लागि:
**कालिका पब्लिक कलेज**
पोखरा-१० रामबजार
फोन नं. ०६१-४३२७४४
email: kalikapubliccollege@gmail.com

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# राजश्व चुहावट नियन्त्रणबारे पोखरामा छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, १४ कार्तिक



राजश्व अनुसन्धान कार्यालय,बुटवलका प्रमुख अनुसन्धान अधिकृत सुवास श्रेष्ठले राजश्व चुहाहट रोक्नका लागि नागरिककै तर्फबाट सहयोग हुनुपर्नेमा जोड दिएका छन् । उनले कानूनको परिपालना गर्नु र गराउनु नागरिकको कर्तव्य भएको स्मरण गराउँदै कर चुहावट रोक्नु पनि त्यही कर्तव्यअन्तर्गत रहेको बताए ।

राजश्व अनुसन्धान कार्यालय बुटवलले पोखरा उद्योग वाणिज्य संघसँगको सहकार्यमा शुक्रबार पोखरामा आयोजना गरेको राजश्व चुहावट नियन्त्रणसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले भने,'राज्यले लागू गरेका नीति नियम पालना गर्नु नागरिकको कर्तव्य हो । कर छली अपराध हो र राज्यले त्यस्ता व्यक्तिलाई छुट दिँदैन । तर,हामी व्यवसायीलाई दुःख दिएर हैन, सहजीकरण गरेर नै राजश्व चुहावट रोक्नका निम्ति प्रयत्नशील छौँ ।' सो कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले राजश्व अनुसन्धानका नाममा व्यवसायीको बदनाम गर्ने काम नगर्न आग्रह गरे । 'हामी अनुसन्धान नै नगर्नुहोस् त भन्दैनौँ तर आतंकित पार्ने काम हुनुभएन,'उनले भने,'भन्सारमा नै चोरी नियन्त्रण एवं सामानको राजश्व तिर्नका लागि कसिलो व्यवस्था गरेमात्र राजश्व बढ्छ । वास्तविक व्यवसायीले न्याय पाउँछन् ।' लेखनाथ उद्योग वाणिज्य संघकी अध्यक्ष जानुका अधिकारी पराजुलीले चोरी निकासीबाट आएका सामान नियन्त्रणतर्फ लाग्न राजश्व कार्यालयसँग अनुरोध गरिन् । व्यवसायीबीचको अस्वस्थ प्रतिस्पर्धा हट्नुपर्ने पनि उनको धारणा थियो । कार्यक्रममा राजश्व विभागका काम र र अधिकारबारे चर्चा गर्दै राजश्व कार्यालय बुटवलका लेखा प्रमुख निमराज भट्टराईले कपडा,मोटर पार्टस्,इलेक्ट्रोनिक्स सामान,मदिरालगायतका सामानमा कर छल्ने प्रवृत्ति रहेको बताए । यस्तै गिट्टी-बालुवाका कारोवारी,जग्गा व्यवसायी, भन्सार एजेन्ट,वकिल, पटके शिक्षक, म्यानपावर कम्पनीका संचालकहरुले आयकर कम तिर्ने गरेको पनि उनको भनाइ छ । कतिपय अवस्थामा करका कर्मचारीसँगको मिलेमतोमा कम राजश्व तिर्ने प्रवृत्ति पनि देखिएको पनि उनले स्वीकारे । राजश्व चुहावट गर्नेलाई राजश्व चुहावट ऐन(अनुसन्धान तथा नियन्त्रण) २०५२ अनुसार कारवाही हुने पनि उनले बताए । नेपाल सरकारले सामान ढुवानी गर्ने सवारी साधनमा लागू गरेको भेइकल एण्ड कन्साइटमेण्ट ट्रयाकिङ सिस्टम (भिसीटीएस) का प्रावधानबारे चर्चा गर्दै सो कार्यालयका दीपेन्द्र श्रेष्ठले सामान ढुवानी गर्दाको असावधानीले गर्दा जरिवानामा पर्नसक्नेतर्फ सचेत हुन व्यवसायीलाई आग्रह गरे । कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्य,लेखनाथ उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष विक्रम कर्माचार्य,पोखरा उद्योग वाणिज्य संघका उपमहासचिव सुदीप प्रधानाङ्ग,कार्यसमिति सदस्य टीकाराम सुवेदी र सूर्यराज घिमिरे,अधिकृत बिक्रेता संघ लेखनाथका अध्यक्ष निर्मल पौडेल,सुनचाँदी व्यवसायी दुर्गा सुनार,व्यवसायी लक्ष्मण श्रेष्ठलगायतले पनि विभिन्न जिज्ञासा राखेका थिए ।

सो उपक्रममा बोल्दै उनीहरुले अनधिकत व्यवसाय नियन्त्रणमा राज्य चुकेको आरोप लगाएका थिए । भन्सार छली तथा चोरी गरी ल्याइएका सामानहरु बजारमा निर्वाध बिक्री-वितरण हुँदा कर तिरेर वैधानिक तरिकाले व्यवसाय गर्छु भन्नेहरु मर्कामा परेको गुनासो पनि गरे । 'बजारमा छ्यापछ्याप्ती चोरीका वा भन्सार छलेर ल्याइएका सामान पाइन्छ । त्यस्तो सामान बेच्नेले न बिल दिन्छ, न लिन खोज्छ । सस्तोमा बिक्री हुने सामानका कारण राज्यलाई कर तिर्ने व्यवसायीहरु मर्कामा परेका छन्,'पोखराका प्रतिष्ठित कपडा व्यवसायी लक्ष्मण श्रेष्ठले भने,' बाहिर हेर्दा सानो पसलजस्तो देखिने तर भित्रभित्रै करोडौंको सामान बेच्नेमाथि राज्यले निगरानी बढाउनुपर्‍यो ।'

स्थायी लेखा नम्बर( पान) मात्र लिएर काम गरिरहेका त्यस्ता व्यक्तिको वास्तविक कारोबार खोज्ने हो भने राजश्व चुहावट धेरै रोकिने पनि उनको धारणा छ । उनले राजश्व छलीका कारण नेपाल सरकारले एउटा भन्सार नाकाबाटमात्र दैनिक ४ करोड राजश्व गुमाएको अनुमान लगाए ।

'बोर्डरको पारिपट्टि गएर सामान किनेर ल्याउँदा कतै चेकजाँच हुँदैन । गाडी निर्वाध ल्याउन पाइन्छ । कतिसम्म भने उता सामान किन्यो, यता बसेको होटलमा सामान आइपुग्छ,'उनले प्रश्न गरे,'यस्तो चालाले कसरी सच्चा व्यापारी टिक्छन् ?'

अर्का व्यवसायी तथा पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य सूर्यराज घिमिरेले अनलाइन व्यवसायको नाममा पनि राज्यले राजश्व गुमाएको बताउँदै अनलाइन व्यवसायलाई करको दायरामा ल्याउन माग गरे ।



मुस्ताङ्गको हिमपात प्रभावित क्षेत्रबाट उद्धार गरिएका पर्यटकः
धवलागिरि चक्रीय पदमार्गमा ट्रेकिङको बेला हिडन भ्याली इलाकामा फसेका तीन बेलायती सहित १५ जना पर्यटकहरूलाई शुक्रबार नेपाली सेनाले उद्धार गरेको छ । मुस्ताङस्थित बतासेडाँडाबाट याकखर्क हुँदै जोमसोमस्थित नेपाली सेनाको व्यारेकमा सकुशल ल्याई प्रारम्भिक स्वास्थ्य परिक्षण गरिएको छ । तस्बिर : नेपाली सेना / रासस

# मुस्ताङमा बाढीपहिरोले यातायातमा समस्या, कोरला सडकखण्ड पूर्ण रुपमा अवरुद्ध

**रासस**
मुस्ताङ, १४ कार्तिक



अविरल वर्षासँगै राष्ट्रिय गौरवको जोमसोम-कोरला सडकखण्डको आधादर्जन स्थानमा पहिरोले क्षति पुर्‍याएको छ । जोमसोमदेखि कागबेनी र कागबेनीदेखि छुसाङसम्मको विभिन्न स्थानमा पहिरो खस्दा सडकमा यातायात सेवा अवरुद्ध बनेको जिल्ला प्रशासन कार्यालय मुस्ताङले जनाएको छ ।

जोमसोम-कागबेनीसडकअन्तर्गत जोमसोमदेखि कागबेनी जाने पाण्डा खोला नजिकको तीन स्थानमा पहिरोले सडक संरचनामा क्षति पुगेको मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जानकारी दिनुभयो । उहाँका अनुसार जोमसोमदेखि दुई किलोमिटरमाथिको कालोपत्र सडक भाँसिएर सडक जोखिम बढेको जानकारी दिनुभयो । निरन्तरको वर्षाले जोमसोमदेखि केहीमाथि करिब २५ मिटर सडक भासिन पुगेको प्रमुख जिल्ला अधिकारी भुसालले बताउनुभयो ।

बिहीबार साँझ पाण्डा खोलाको बाढीले सडक संरचनामा क्षति पुर्‍याएको छ । यद्यपि सुरक्षा नियकायले हाललाई कामचलाउ रुपमा भए पनि यातायात सञ्चालनमा ल्याएको उहाँको भनाइ छ । जोमसोम-कागबेनी सडकखण्डको चार स्थानमा सडक माथिबाट पहिरो खस्नेक्रम जारी रहेकाले जोमसोमदेखि कागबेनी जाने मुक्तिनाथ दर्शनार्थीलाई जोमसोममै रोकिएको छ । "मुक्तिनाथ-जोमसोम सडकका विभिन्न ठाउँमा पहिरो खस्नेक्रम जारी छ, हामीले माथि रोकिएका सवारी तथा यात्रुलाई एकतर्फी सडक खुलाएर भए पनि तल झाने प्रयास गरिरहेका छौँ", प्रमुख जिल्ला अधिकारी भुसालले भन्नुभयो, "जोमसोमबाट मुक्तिनाथ र कोरलातर्फ जाने सवारीसाधनलाई माथि जान रोक लगाएका छौँ ।"

प्रमुख जिल्ला अधिकारी भुसालले वर्षा रोकिएमा सडकको अवस्था हेरेर मात्रै सडक माथि जान दिइने बताउनुभयो । यसैगरी जोमसोम-कागबेनी सडकमा पहिरो खस्दा एक सार्वजनिक भाडाको ट्याक्सीमा क्षति पुगेको छ भने पहिरो गएको स्थानमा एक भारतीय कार फसेर बसेको जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी नायब उपरीक्षक छिरिङ किप्पा लामाले जानकारी दिनुभयो । पहिरोका कारण फसेको भारतीय गाडीलाई निकाल्ने प्रयास भइरहेको उहाँको भनाइ छ ।

बाढीपहिरोले कागबेनी-छुसाङ सडकखण्डको आधा दर्जन स्थानको सडक अवरुद्ध भएको छ । ताङ्वे-छुसाङबीचमा पर्ने खोलाको बाढीले कोरला सडकमा क्षति पुर्‍याएको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ का अध्यक्ष विनोद गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार कागबेनी-कोरला सडक बिहीबार साँझदेखि पूर्ण रुपमा अवरुद्ध छ ।

वर्षाका कारण सडक अवरुद्ध भए अलपत्र १७ जना यात्रीहरुलाई बारागुङ-३ स्थित ग्रीन ताङ्वे घरमा लगेर राखिएको वडाध्यक्ष गुरुङले बताउनुभयो । वर्षा रोकिएपछि उनीहरुलाई गाउँले बस्ती नजिक ल्याउने योजना रहेको बताउनुभयो । अवरुद्ध जोमसोम-कागबेनी सडकको आज बिहान प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसाल, सशस्त्र प्रहरी नायब उपरीक्षक भेषराज गिरी र प्रहरी नायब उपरीक्षक छिरिङ किप्पा लामालगायतका सुरक्षाकर्मीले अवलोकन गर्नुभएको छ । जोमसोम-कागबेनी भासिएको सडक मर्मत गरी सञ्चालनमा ल्याउन दुई/तीन दिन लाग्नसक्ने जिल्ला प्रशासन कार्यालय मुस्ताङले जनाएको छ ।

# मुस्ताङको सरिबुङ पास क्षेत्रमा १४ पदयात्री सम्पर्कविहीन

**रासस**
मुस्ताङ, १४ कार्तिक

मुस्ताङ र मनाङ जोड्ने पर्यटकीय पदमार्ग सरिबुङ पास गएका १४ जना पदयात्री तीन दिनदेखि सम्पर्कविहीन भएका छन् ।

यहाँको लोघेकर दामोदरकुण्ड-४ याराबाट दामोदरकुण्ड हुँदै सरिबुङ पास हुँदै मनाङको फु गाउँ निस्किने क्रममा हिमपातका कारण मङ्गलबारदेखि तीन जना अष्ट्रियन नागरिकसहित ११ जना नेपाली पथप्रदर्शक सम्पर्कविहीन भएका हुन् । मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले उहाँहरू सम्पर्कविहीन हुनुभएको सूचना बिहीबार साँझ प्राप्त भएको बताउनुभयो । चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको सीमावर्ती दामोदरकुण्ड क्षेत्रको मुस्ताङ-मनाङ सरिबुङ पास समुन्द्री सतहदेखि छ हजार मिटर उचाइमा पर्दछ । त्यहाँ भारी हिमपात भएकाले विदेशी पदयात्रीसहित १४ जनाको टोली सम्पर्कविहीन भएको उहाँले उल्लेख गर्नुभयो । यसैबीच, जिल्ला प्रशासन कार्यालय मुस्ताङले सम्पर्कविहीन रहेका पदयात्रीहरू दामोदरकुण्डस्थित तीर्थयात्री धर्मशालामा सुरक्षित हुनसक्ने अनुमान गरेको छ । सो धर्मशालामा खाने, बस्नेसहित अत्यावश्यक सामान व्यवस्थित रहेकाले सम्पर्कविहीन टोली त्यहाँ हुनसक्ने भन्दै प्रजिअ भुसालले धर्मशालामा उहाँहरूलाई कुनै समस्या नपर्ने बताउनुभयो । हिमालय एडभेन्चर ट्राभल कम्पनीमार्फत सरिबुङ पासको पदयात्रामा निस्किएक सबै दुई साताअघि काठमाडौँबाट त्यसतर्फ प्रस्थान गरेका हिमालयन एडभेन्चरका व्यवस्थापक दीपक मैनालीले जानकारी दिनुभयो । मुस्ताङको दामोदरकुण्ड हुँदै सरिबुङ पास निस्किएका तीन अष्ट्रियन पर्यटकसहित नेपाली पदप्रदर्शकको टोली गत मङ्गलबारदेखि सम्पर्कमा नरहेको उहाँको भनाइ छ ।

शुक्रबार बिहान मात्रै फोन सम्पर्कमा आएका जनाउँदै मैनालीले स्पष्ट कुराकानी भने हुन नसकेको बताउनुभयो । अक्टोबर २६ तारिखमा दामोदरकुण्डबाट सरिबुङ पासतर्फ हिँडेको जानकारी प्राप्त भएको बताउँदै उहाँले त्यसयता कुनै सम्पर्क नभएको उल्लेख गर्नुभयो ।

"हामीलाई आज मात्रै पथप्रदर्शकले फोन सम्पर्क गरेका थिए, तर प्रतिकूल मौसम र सञ्चार अवरोधका कारण राम्ररी कुराकानी हुन सकेन", व्यवस्थापक मैनालीले भन्नुभयो, "हामीले फोनको 'ट्र्याकिङ' गरेर स्थान पत्ता लगाउन गृह मन्त्रालयसँग अनुरोध गरेका छौँ ।" सम्पर्कविहीन भएका पदयात्री रहेको स्थान पत्ता लगाउन सकेमा उद्धारका लागि हेलिकप्टर पठाउने तरी तयारी भएकोबारे गृहमन्त्रालयमा जानकारी गराइएको उहाँले उल्लेख गर्नुभयो । सम्पर्कविहीन पदयात्री सरिबुङबाट मनाङको फु गाउँ हुँदै चाँमे निस्किने योजनामा रहेका व्यवस्थापक मैनालीले बताउनुभयो ।

**खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं ।**

**असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात जस्ता रोगहरु लाग्न सक्छन् ।**

**त्यसैले,**

- ◆सन्तुलित र स्वस्थ खाना खाऔं,
- ◆शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौ.
- ◆मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- ◆प्रशस्त मात्रामा पानी पिउने गरौं,
- ◆तनाव व्यवस्थापन गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# रोटरी क्लब अफ पोखरा अन्नपूर्णद्धारा कास्की जिल्ला अदालतलाई कम्प्युटर प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, १४ कार्तिक



रोटरी क्लब अफ पोखरा अन्नपूर्णले कास्की जिल्ला अदालतलाई कम्प्युटर प्रदान गरेको छ ।

जेन्जी आन्दोलनको क्रममा कार्यलयमा क्षेति पुगेको अवस्थामा दैनिक कामकाजमा सहज बनोस भन्ने उद्देश्यले क्लबले शुक्रबार एक थान कम्प्युटर र प्रिन्टर सहयोग गरेको क्लबका अध्क्षय सइन्द्रराज श्रेष्ठले जानकारी दिए ।

क्लबका अध्क्षय श्रेष्ठ, प्रेसिडेन्ट इलेक्ट तथा संयोजक सरोज बराल,पूर्व अध्क्षय सुरेश धुजु, सर्भिस कमिटी चियर तोया बहादुर भट्टराई, कोषाध्क्ष युवराज लामिछाने,सचिव प्रेम भुजेल,कल्बका सदश्यहरु माधवि पाण्डे र प्रिती पाण्डेले संयुक्त रुपमा कास्की जिल्ला अदालतका बरिष्ठ न्यायाधीश हिमलाल बेल्बासेलाइ हस्तान्तरण गरेका हुन् ।

संकटको बेलामा अदालतलाई आवश्यक पर्ने सामाग्री प्रदान गरेकोमा न्यायाधीश हिमलाल बेल्बासे धन्यवाद ब्यक्त गरे । क्लबले यस अगाडि पनि बिपन्न र आवश्यक क्षेत्रमा सहयोग गर्दै आइरहेको छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उतेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्धार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# स्याङ्जामा सुन्तला उत्पादन बढ्ने

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १४ कार्तिक

स्याङ्जामा यस वर्ष सुन्तलाको उत्पादन बढ्ने भएको छ। अनुकूल मौसम, रोगकिराको कम सङ्क्रमण र सुन्तला उत्पादन दिने बोटको संख्यामा वृद्धि भएसँगै गएको वर्षको तुलनामा यस वर्ष सुन्तला उत्पादनमा वृद्धि हुने अनुमान गरिएको हो।

झण्डै एक दशकअघि ८ सय ५० हेक्टरमा सुन्तला खेती गरिदै आएकोमा पछिल्लो वर्षको तथ्याङ्क अनुसार जिल्लामा दुई हजार ३५० हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको छ। सुन्तला फूल्ने र दाना लाग्ने मौसममा प्राकृतिक रुपमा असिना पानी कम परेको र रोगकिराको संक्रमण कम भएका कारणले उत्पादनमा वृद्धि हने अनुमान गरिएको छ। चालु सिजनमा २२ हजार मेट्रिकटन सुन्तला उत्पादन हुने प्रारम्भिक अनुमान गरिएको छ। गत वर्षकै मूल्यमा कारोबार भए जिल्लाका सुन्तला उत्पादक किसानले एक अर्ब ३० करोड भन्दा आम्दानी गर्ने छन्। गत वर्ष उत्पादित १९ हजार मेट्रिकटन सुन्तला बिक्रीबाट किसानले करिब एक अर्ब १२ करोड आम्दानी लिन सफल भएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाई स्याङ्जाका प्रमुख अजय अधिकारीले जानकारी दिए। विगतका वर्षको तुलनामा चालु वर्ष सुन्तला उत्पादन बढ्ने भएपछि किसानहरु खुसी भएका छन्। अनुकुल मौसम, रोगकिराको न्यून प्रभाव, राम्रा र रसिला दाना भएका सुन्तलाले बजारमा राम्रो मूल्य पाउँदै आएको सुन्तला उत्पादक किसान बताउँछन्। सुन्तलामा गुलियो पसिसकेको छ भने पहेँलो बन्ने क्रममा रहेको उनीहरुले बताए। स्याङ्जामा उत्पादित सुन्तलाको माग धेरै भएकाले बजारमाबिक्रीहुनथालेकोसुन्तला सुपरजोन संचालक समितिका अध्यक्ष बोधराज अर्यालले बताए। उनका अनुसार सुन्तला खरिदका लागि (सुन्तला ठेकेदार) व्यापारी गाउँगाउँ पुग्न थालेका छन्। कतिपय व्यापारीले सुन्तला खरिद गरेर बिक्रीका लागि बजार पुऱ्याएका छन्। जिल्लाका अधिकांश सुन्तला व्यापारीले बगैचामै पुगेर खरिद गर्ने गरेका छन्।

पछिल्लो समय जिल्लामा व्यावसायिक सुन्तला खेती गर्नेको संख्यामा समेत वृद्धि हुँदै गएको छ। बजारमा राम्रो मूल्य पाइने र अन्य खेतीको तुलनामा धेरै मेहनत गर्न नपर्ने भएपछि किसान सुन्तला खेतीतर्फ आकर्षित भएका हुन्। स्थानीय तहसँगै प्रदेश र संघ सरकारले सुन्तला किसानलाई प्राथमिकता दिएर सहयोग गर्दै आएका छन्।

भुगोल र जात अनुसार जिल्लामा साउनदेखि फागुनसम्म सुन्तला उत्पादन र बिक्री हुने गरेको छ। पछिल्लो समय सुन्तला व्यवसायलाई मुख्य आम्दानीको श्रोत बनाउने किसानको संख्यामा वृद्धि हुँदै गएको छ। जिल्लामा सुन्तला बगैँचाको वृद्धिसँगै उत्पादक किसान थपिने क्रम बढ्दै गएको जिल्लाका अगुवा किसान फणीनारायण अर्यालले बताए। स्याङ्जाका ११ वटै पालिकाका प्रायः सबै क्षेत्रमा व्यवसायिक रुपमा सुन्तला खेती गरिदै आएको छ। जिल्लाका ९७ वडामध्ये झण्डै ९० वडामा सुन्तला उत्पादन हुने गरेको छ। जिल्लाका पुतलीबजार, भीरकोट, वालिङ र गल्याङ नगरपालिकासहित फेदीखोला, आँधीखोला, बिरुवा, हरिनास, अर्जुनचौपारी गाउँपालिकाका अधिकांश वडा सुन्तलाका पकेट क्षेत्र हुन्। सुन्तलाबाट प्रतिकिसानले वर्षेनी एक लाखदेखि ४० लाख रुपैयाँसम्म आम्दानी गर्दै आएका छन्। प्रतिहेक्टर १४ देखि १७ मेट्रिकटन सुन्तला उत्पादन हुँदै आएको छ। बिरुवा रोपेको पाँच वर्षभित्रमा सुन्तलाले फल दिने गर्छ, अझ कलमी जातको बिरुवाले रोपेको तीन वर्षमै फल दिने गरेको स्थानीय किसानले बताए। वर्षेनी ५ देखि ३० लाख रुपैयाँसम्म नगद आम्दानी लिनसक्ने जिल्लामा सुन्तला उत्पादक दर्जनौं किसान छन्।

# शुक्रबार साँझदेखि मौसममा सुधार हुने पूर्वानुमान

**रासस**
काठमाडौं, १४ कार्तिक

बङ्गालको खाडीमा विकसित चक्रवात 'मोन्था' तथा न्यूनचापीय प्रणालीको प्रभावका कारण देशका अधिकांश भागमा वर्षा र बदली भएकामा आज साँझदेखि क्रमिक रूपमा मौसममा सुधार हुने मौसम पूर्वानुमान महाशाखाले बताएको छ।

हाल देशका अधिकांश प्रदेशहरूमा वर्षा र हिमपातको सम्भावना रहेको कोशी, मधेस, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशमा पूर्ण बदली रहनेछ भने बाँकी प्रदेशहरूमा साधारणतया बदली रहने महाशाखाको पूर्वानुमान छ। महाशाखाका अनुसार शुक्रबार दिउँसो कोशी, मधेस, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा मध्यम वर्षा हुनेछ।

साथै कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का वर्षा हुने सम्भावना छ। कोशी, मधेस र वाग्मती प्रदेशका केही तथा लुम्बिनी प्रदेशका एकदुई स्थानमा भारी वर्षाको संभावना छ।

यसैगरी, कोशी, वाग्मती र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका धेरै स्थानमा मध्यम हिमपात हुन सक्नेछ। यस्तै, ती प्रदेशका केही स्थानमा भारी हिमपात हुने सम्भावना पनि छ।

भारी वर्षा र हिमपातको पूर्वानुमान गरिएका स्थानका सर्वसाधारण एवं किसानका साथै यात्रामा निस्किएका तथा सवारीचालकलाई आवश्यक सतर्कता अपनाउन महाशाखाले आग्रह गरेको छ।

# पर्वतमा धानबालीमा क्षति पुगेका कृषकलाई राहत दिइने

**पोखरापत्र संवाददाता**
पर्वत, १४ कार्तिक



किसानको मुख्य खाद्यान्न बाली धान भित्र्याउने बेलामा परेको लगातारको वर्षाका कारण क्षति पुगेका किसानलाई दक्षिण पर्वतको पैंयू गाउँपालिकाले राहत दिने भएको छ। यही कात्तिक ११ गतेदेखि लगातार परेको वर्षाले अधिकांश किसानको पाकेको र काटेर खेतमा सुकाएको धानबालीमा ठूलो नोक्सानी पुऱ्याएको अवस्थालाई दृष्टिगत गर्दै गाउँपालिकाले राहत दिने निर्णय गरेको हो। यहाँका किसानले कात्तिक ९ र १० गते काटेर सुकाएको धान निरन्तरको वर्षाले नष्ट गरिदिएको हो।

गाउँपालिकाले वर्षा रोकिएलगत्तै क्षतिको यथार्थ विवरण सङ्कलन गर्नका लागि प्रक्रिया अघि बढाउने र क्षतिको मूल्याङ्कनका आधारमा राहत उपलब्ध गराउने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत जीवन गैरेले जानकारी दिनुभयो।

"मौसमी विपत्तिबाट किसानको बालीमा परेको क्षतिको यथार्थ विवरण सङ्कलन गर्न गाउँपालिकाले सबै वडामा प्रक्रिया सुरु गरेका छौँ," उहाँले भन्नुभयो, "धान परालमा भएको नोक्सानीको मूल्याङ्कन गरी राहत रकम भुक्तानी गर्ने योजना बनाएका छौँ। यसले गर्दा कृषकले फेरि धान वा अन्य अन्न खरिद गरेर खान सकून् भन्ने पालिकाको उद्देश्य हो।" कृषि ज्ञान केन्द्रले पर्वतका सातवटै स्थानीय तहमा धानबालीमा वर्षाले क्षति पुऱ्याएको जनाएको छ। कृषि ज्ञान केन्द्रकी सूचना अधिकारी तथा बाली संरक्षण अधिकृत सोविता सुवेदीले हाइब्रिड धान पाकिसकेकाले काटेको र खेतका गरामा नै भिजेको भनेर केही कृषकले जानकारी गराएको बताउनुभयो। काटेर सुकाएका निहिन भिजाएकोभन्दा हावाले ढलाएका सूचना बढी आएको र त्यसमा पनि स्थानीय जातका धानमा बढी क्षति भएको किसानले बताएको सुवेदीको भनाइ छ।

नकाटेर खेतमै ठाडो रहेको धानमा भने वर्षाले खासै असर नपारेको तर पूरै पाकेको धान भने झर्न सक्ने उहाँको भनाइ छ। सुवेदीले मौसमको आगामी अवस्थाका बारेमा जानकारी लिएर मात्रै धान काट्नुपर्ने बताउँदै क्षतिको विवरण सङ्कलनको काम भइरहेकाले अहिले नै यकिन तथ्याङ्क आइनसकेको बताउनुभयो। उहाँले किसानलाई क्षतिपूर्तिका लागि केन्द्रले पहल गर्ने बताउनुभयो।

# प्रचार नहुँदा मुस्ताङको 'घैलुङ' गुफा ओझेलमा

**रासस**
मुस्ताङ, १४ कार्तिक

घरपझोङ-३ स्याङस्थित ऐतिहासिक 'घैलुङ' गुफा ओझेलमा परेको छ।

तत्कालीन समयमा लामा गुरुले ध्यान गरेर बस्ने भनिएको सो गुफा आवश्यक प्रचार/प्रसार हुन नसक्दा ओझेलमा परेको हो।

मुस्ताङ सदरमुकाम जोमसोम र स्याङ गाउँ नजिकै स्याङ खोलाको अग्लो पहाडमा अवस्थित घैलुङ गुफामा लामाले ध्यान साधना गर्ने गरेको स्याङ गाउँकी पूर्वआमा समूहकी अध्यक्ष सनदेवी थकालीले जानकारी दिनुभयो। पछिल्लो सयम यहाँको घैलुङ गुफामा लामाले ध्यान गर्ने प्रचलन हराउँदै जान थालेको समूहका पूर्वअध्यक्ष थकालीले उल्लेख गर्नुभयो। "यहाँ पहिलो लामाले ध्यान (छम) बस्ने चलन थियो, दुई वर्षअघि पनि सिक्किमबाट लामा आएर ध्यान गरेर गएका थिए,'" समूहका पूर्वअध्यक्ष थकालीले थप्नुभयो, "अचेल त स्याङ गाउँभित्रकै आनी गुम्बामा ध्यान गर्न थालेपछि घैलुङ गुफा गुमनाम बनेको छ।"

यहाँको घैलुङ गुफा स्याङ खोलाको पक्की पुल नजिकैबाट पञ्चिमतर्फ बगरै बगर पैदल यात्रा गरेर २५ मिनेट पुग्न सकिन्छ। तर सदरमुकाम नजिकै भएरपनि यहाँको गुफालाई पर्यटन प्रर्वद्धन गर्न नसक्दा घैलुङ गुफा ओझेलमा परेको समूहका पूर्व अध्यक्ष थकालीको भनाइ छ। मुस्ताङमा वर्षेनि आठ लाख बढी पर्यटक भित्रिदा स्याङ गाउँ नजिकै रहेको घैलुङ गुफा ओझेलमा परेको पूर्वअध्यक्ष थकालीको भनाइ छ। परापूर्व कालमा यहाँका बौद्धधर्म अनुयायी लामाले बौद्ध शिक्षा हाँसिल गर्न गुफा र ओढारमा कसैले नदेख्ने गरी दुई/तीन वर्षसम्म ध्यान गरेर बस्ने गरेका जनाइको छ। यसकार्यलाई स्थानीय भाषामा (छम) बस्ने भन्ने गरिएको छ। यहाँको घैलुङ गुफामा तीन वटा कोठा छन्। लामाले ध्यान गर्दा आवश्यक पर्ने पूजा कोठा, भान्छा कोठार र पकाएर खाने किचन कोठा रहेको समूहका पूर्वअध्यक्ष थकालीले बताउनुभयो। गुफामा अझै पनि पूजाका सामग्री र पकाएर खाने सामान रहेका छन्। गुफाको पूजाका कोठामा लुङ्ता झुन्ड्याएका छन्।

घरपझोङ-३ स्याङ गाउँको अधिनमा रहेको यहाँको घैलुङ गुफाको संरक्षण स्थानीय जनकल्याण युवाक्लव, गाउँ र आमा समूहलगायतले रेखदेख गर्ने गरिएको छ। गुफाको बाहिरी परिसरमा रातो माटोले रङ्ग्याइएर आकर्षक तुल्याएको छ। पछिल्लो समय स्याङ गुफा तलको खोलाको डिलबाट गुफासम्म रेलिङसहितको सिंढी बाटोसमेत निर्माण गरिएको छ।

# जोमसोम-कागबेनी सडक भाँसिदा गन्तव्यमा नपुगी फर्किए पर्यटक

**रासस**
मुस्ताङ, १४ कार्तिक

निरन्तरको वर्षाका कारण जोमसोम-मुक्तिनाथ-कोरला सडकखण्ड भाँसिएपछि मुक्तिनाथ दर्शन गर्न गएका सयौँ भक्तजन तीर्थयात्री गन्तव्यमा नपुगी जोमसोमबाट फर्किएका छन्।

जोमसोम-पान्डाखोलाबीचको सडक बिहीबार वर्षाका कारण करिब २५ मिटर भाँसिएको थियो। जोमसोम-कोरला सडक भाँसिएपछि मुक्तिनाथ दर्शन गर्न जाने भक्तजन सवार यातायातका साधनलाई स्थानीय प्रशासन र सुरक्षा निकायको समन्वयमा जोमसोममा राकिएको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जानकारी दिनुभयो।

उहाँका अनुसार राष्ट्रिय गौरवको बेनी-जोमसोम खण्ड सहज भए पनि वर्षाका कारण उक्त सडक भाँसिएपछि टाढाटाढाबाट मुक्तिनाथ दर्शन गर्न गएका भक्तजनको यात्रा जोमसोममै पूर्णविराम लागेको हो।

प्रजिअ भुसालले जोमसोममाथिको सडक भाँसिएपछि



जोमसोमबाट मुक्तिनाथ जाने सवारीसाधनलाई माथि जान रोक लगाइएको बताउनुभयो। उहाँका अनुसार मुक्तिनाथबाट फर्किने क्रममा सडक भाँसिएको स्थानमा अलपत्र परेका सवारीसाधनलाई सुरक्षा निकायको समन्वयमा जोमसोम तल झार्ने कार्य भइरहेको छ। जोमसोमबाट मुक्तिनाथतर्फ जान जोखिमपूर्ण रहेकाले रोकिएको बताउँदै प्रजिअ भुसालले उहाँले निरन्तर वर्षा भइरहेकाले तत्काल सडक सञ्चालनमा ल्याउन नसकिने जानकारी दिनुभयो। आवश्यक स्थानमा ड्रेन निर्माण नहुँदा अविरल वर्षाले सडक संरचनमा क्षति पुगेको उहाँको भनाइ छ। उक्त सडक अवरुद्ध भएपछि मुक्तिनाथ जानका लागि मुस्ताङ आएका अधिकांश पर्यटक जोमसोमबाट फर्किएका छन्। कतिपय पर्यटक भने सडक खुल्ने पर्खाइमा जोमसोममा बसेका स्थानीय मनिता थकालीले बताउनुभयो। जोमसोम-कागबेनी र कागबेनी-छुसाङ खण्डका आधा दर्जन बढी स्थानमा बाढीपहिरोले सडक तथा अन्य संरचनमा क्षति पुगेकाले मौसम र सडकको अवस्था बुझेरमात्रै यात्रा गर्न जिल्ला प्रशासन कार्यालयले सबैमा अनुरोध गरेको छ। राष्ट्रिय गौरवको सडकअन्तर्गत आव २०७३/७४ मा ग्राभेलसहित कालोपत्रका लागि उक्त खण्डको ठेक्का सम्झौता भई काम अघि बढेको थियो। सात खण्डमा विभाजन गरिएको उक्त सडकअन्तर्गत पहिलो खण्ड विसं २०७६ मा आयोजना कार्यालयलाई हस्तान्तरण गरिएको थियो। विसं २०७९ मा जोमसोम-कागबेनी १३ किमी कालोपत्रका लागि ठेक्का लगाइएकामा गत वर्ष सम्पन्न गरी निर्माण कम्पनीले आयोजनालाई हस्तान्तरण गरेको थियो।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# मनास्लु क्षेत्रमा पर्यटक घाइते, दुई दिनदेखि उद्धारको पर्खाइमा

**पोखरापत्र संवाददाता**
गोरखा, १४ कार्तिक

मनास्लु क्षेत्रमा ढुङ्गाले लागेर एक पर्यटक घाइते भएका छन्। घाइते भएका पर्यटक दुई दिनदेखि उद्धारको पर्खाइमा छन्।

चुमनुब्री गाउँपालिका-१ सामागाउँबाट फर्कँदा ढुङ्गाले टाउकोमा लागेर काठमाडौँको टोखा-६ का ४४ वर्षीय मिनुइन्द्र लम्साल घाइते भएका थिए। प्रतिकूलमौसमका कारण हेलिकोप्टर उड्न नसकेपछि उद्धारमा कठिनाइ भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिनुभयो। "टाउकोमा गम्भीर चोट छ, झन जोखिम हुनसक्ने भएकाले बोकेर ल्याउन सकिएको छैन", उहाँले भन्नुभयो। प्राथमिक उपचार गरिरहेका स्वास्थ्यकर्मी छिरिङ खाम्डो लामाका अनुसार लम्साल उद्धारको पर्खाइमा छन्। बिहीबार सामागाउँबाट फर्कने क्रममा चुमनुब्री-४ बुरनजिकैको भीरबाट खसेको ढुङ्गाले टाउकोमा लागेर लम्साल घाइते भएका थिए।

# मनास्लु क्षेत्रमा एक विदेशी पर्यटक पहिरोमा पुरिइन्

**रासस**
गोरखा, १४ कार्तिक

मनास्लु क्षेत्रमा एक विदेशी पर्यटक पहिरोमा पुरिएकी छन्। चुमनुब्री-३ न्याक फेदीनेर खसेको पहिरोले चेक रिपब्लिककी ५४ वर्षीया क्याटरिना रस्कोभा पुरिएकी उनका गाइड रमेश भट्टले जानकारी दिनुभयो।

न्याक फेदीभन्दा केहीमाथि भिरमा शुक्रबार दिउसो २:०० बजेतिर घटना भएको उहाँले बताउनुभयो। "भिरबाट झरेको ढुङ्गाले उहाँलाई पुरेको छ। टाउको मात्र देखिएको छ, उहाँले भन्नुभयो, "उहाँको श्रीमान् र मचाहिँ सकुशल छौँ।" त्यतिबेला ठूलो पर्यटकको समूह रहेको उहाँले बताउनुभयो। "उहाँ पुरिए पनि पहिरोको डरले कसैले उद्धार गर्न सकेनन्", उहाँले भन्नुभयो। घटनास्थल बस्तीबाट धेरै टाढा रहेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गद बरालले जानकारी दिनुभयो। त्यसतर्फ फिलिम चौकीबाट प्रहरी पठाइसकिएको उहाँले बताउनुभयो।

## विमा लेख हरायो

**एसियन लाइफ इन्स्योरेन्स क. लि.वाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्न लिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**
**नामः संस्कार बराल**
**विमा लेख नं. ६९११०००१६६७**
**पोखरा-७, कास्की**
**सम्पर्क : एसियन लाइफ इन्स्योरेन्स क. लि.**
**पोखरा शाखा**
**फोनः ९८५६०२९१०१**

# कम्ती रोमाञ्चक छैनन् मार्फाका गल्ली

सुन्दरकुमार थकाली
मुस्ताङ, १४ कार्तिक/रासस

अचेल मुस्ताङ भ्रमण गर्ने पर्यटकका लागि मुस्ताङको मार्फा गाउँ निकै चर्चित छ। दुई वर्षअघि गुमनाम जस्तै रहेको मार्फा पछिल्लो समय पर्यटकको उपस्थिति बढेसँगै यसको चर्चा परिचर्चा चुलिन थालेको हो। 'क्या राम्रो स्याउबारी मार्फा गावैमा' बोलको गीतका सर्जक थिइन् स्वर्गीय बसन्ती लालचन। दुई दशकअघि यो गीत निकै चर्चामा थियो। मुक्तिनाथ मन्दिरसँगै मार्फा गाउँ र स्याउबारीको गीतमा वर्णन गरिएको थियो। यो गीत जति चर्चामा आयो तर पर्यटक आकर्षित गर्न भने सकेन।



मार्फाको वास्तविक मौलिकता र यसको महत्व कमैलाई मात्रै ज्ञान हुँदा पर्यटन प्रवर्द्धन हुन नसकेकै हो। मार्फा गाउँ धमाडपछिको स्थान्तरित प्राचीन बस्ती हो। जहाँ अलौकिक धार्मिक, सांस्कृतिक, सामाजिक र परम्परागत मौलिकता लुकेर बसेको छ। यही लुकेको अपार सम्पदालाई पर्यटन प्रवर्द्धनमा जोड्न चाहन्थे मार्फाली समुदाय। पछिल्लो समय आफ्नो गाउँभित्र लुकेको अपार सांस्कृतिक मौलिक सम्पदालाई जोगाएर राख्न सके। एक अजङ्गको पहाड। त्यसको फेदैमा क्या राम्रो चिटिक्क मिलेको मार्फा गाउँ। त्यही बस्ती हो, जहाँ गाउँभित्रको अद्भूत सांस्कृतिक सम्पदा लुकेका छन्। एक सय बढी घरधुरीको बसोबास रहेको मार्फामा कृषि र पर्यटनको प्रचुर सम्भावना रहेको छ। बगैंचामा लटरम्म स्याउ फलाउनु मार्फालीको दैनिकी थियो। तर, अचेल कृषि कर्मसँगै पर्यटनसँग समेत जोडिन थालेका छन्। स्याउ खेतीको पुर्ख्यौली व्यवसाय अचेल पर्यटनमा जोडिन थालेको हो। मुस्ताङमा पर्यटन क्षेत्रमा आएको उभार मुख्य सडक मार्ग सहज पहुँच नै हो। मुक्तिनाथ मन्दिर, कागबेनीधाम, लोमान्थाङ दरबार, कोरलानाका, छोसेर गुफा र ढुम्बातालसँगै थासाङ क्षेत्रमा थुप्रै पर्यटकीय गन्तब्यमध्ये मार्फा गाउँ पनि यहाँको मुख्य पर्यटकीय गन्तब्यका रुपमा विकास हुन थालेको मार्फाका स्थानीयबासी आइतप्रसाद हिराचन बताउनुहुन्छ। स्थानीय हिराचनका अनुसार दुई वर्षअघि सुनसान हुने मार्फा गाउँभित्रको गल्लीमा पर्यटकहरुको चहलपहल ब्यापक हुन थालेको उल्लेख गर्नुहुन्छ।

मार्फा गाउँभित्रको पुरानो बस्ती र बस्तीभित्रको परम्परागत सांस्कृतिक मौलिकता अवलोकन गर्न पर्यटकहरुको आगमन हुने गरेको स्थानीय हिराचनको भनाइ छ। उहाँका अनुसार दसैं, तिहार र छठपर्वको बिदामा पर्यटकको भीड बढेको र यहाँका गल्लीभित्र मात्रै दैनिक रु १५ लाख बढीको आर्थिक कारोबार हुने गरेको जानकारी दिनुभयो। यहाँको मार्फा गाउँभित्र सदियौं वर्ष पुराना ढुङ्गा र माटोले निर्मित एकापसमा जोडिएका घरहरु जीवन्त छन्। राष्ट्रिय राजमार्गको बेनी–जोमसोम सडक नजिकै रहेको मार्फा गाउँको भित्री बस्ती हेर्न, फोटो, भिडियो र टिकटक बनाउन पर्यटकहरुको भीड नै लाग्ने गरेको पाइएको छ। मुक्तिनाथको दर्शन र कोरलानाका पुगेर फर्किएका पर्यटकहरु गाडी रोकेर दुई/तीन घण्टा सम्म बिताउने गरेको पाइएको छ।

चितवनबाट मुस्ताङ भ्रमण गर्न आएका पर्यटक विनोद ढकालले सडकको सहज पहुँच भइरहेकाले पर्यटकहरु मुस्ताङ घुम्न रुचाउने गरेको बताउनुभयो। यहाँका धार्मिक पावन भूमि मुक्तिनाथको दर्शन गरी मार्फाको सौन्दर्यता अवलोकन गर्न पाउँदा गौरान्वित भएको प्रतिक्रिया जनाउनुभयो। यहाँको मार्फामा भाइरल भाइरल गल्लीहरु रहेको र साँघुरो गल्लीभित्रको यति ठूलो पर्यटकीय मानव सागर पहिलोपटक देखेको अनुभूति सुनाउनुभयो। आफ्नै देशको यो ठाउँ र यहाँको सांस्कृतिक जीवन्त कला संस्कृति कमै भेटिने गरेकाले मार्फा गाउँको सौन्दर्यताले आफूलाई मोहित तुल्याएको उहाँले बताउनुभयो।

मार्फा गाउँ पहाडको भिरालो सतहमा अवस्थित छ। वस्तीका सबै घरहरु एकापसमा गुजमुच्च जोडिएका छन्। गल्लीभित्र दर्जनौं शाखा गल्लीहरु रहेका छन्। मुख्य राजमार्ग सडकको उत्तर/दक्षिणसम्म मार्फा गाउँको लम्बाई करिव पाँच सय मिटरभन्दा बढी छ। उक्त दूरीमा रहेको मुख्य गल्लीभित्र चाहार्दै जाँदा दर्जनौं साघुरा शाखा गल्लीहरु भेटिन्छन्। जुन पर्यटकका लागि फरक अनुभूति दिलाउँछ।

मकवानपुरबाट शिक्षकहरुसँगै मुस्ताङ भ्रमणमा आएका बिद्यार्थी टोली पनि मार्फा गल्लीमा भेटिए। टोलीका विद्यार्थी सीमा तामाङ र अनुस्का तामाङ मार्फा गल्लीभित्र मोवाइलबाट टिकटक बनाउन व्यस्त देखिन्थे। मुस्ताङको मार्फामा आएका थकाली र तिब्बतीय संस्कृति झल्काउन मौलिक वेषभूषा लगाएर टिकटक बनाउन खोजेको उनीहरुको भनाइ थियो। विद्यार्थी सीमा तामाङले भन्नुभयो, "मार्फा गाउँभित्र पसेर टिकटक बनाउन पाउँदा खुसी लागेको छ। सायद यहाँको प्राचीन संस्कृति निकै लोभलाग्दो रहेछ।" अर्का विद्यार्थी अनुस्का तामाङले पुराना घरहरुमा लस्करै दाउरा पाजेर राखेको देख्दा कौतुहलता बढेको बताउनुभयो। सबैसबै घरहरुको छत माथि लस्कर दाउरा पाजिएका छन्, के का लागि राखिएको होला कुन्नि ? उनले प्रतिप्रश्न गरिन्। सहरको कोलाहल र प्रदूषणभन्दा यहाँको हावापानीको स्वच्छता र शान्तमय वातावरणले आफूहरु प्रफुल्ति भएको सुनाउनुभयो।

यहाँको मार्फा गाउँमा सडक सञ्जालको पहुँच राम्रो नहुँदा आकलझुकल विदेशी पर्यटकहरु पुग्थे, तर अचेल मार्फा गाउँमा आन्तरिक पर्यटकहरु आइरिन थालेका छन्। मार्फा गाउँभित्रको गल्लीमा दर्जनौं पर्यटक लक्षित होटलहरु सञ्चालनमा छन्। पछिल्लो समय सडक सहज भएसँगै कतिपय मार्फाली समुदाय सडकमार्गसँगै जोडिएका स्याउ बगैंचा मासेर आधुनिक प्रकारका कंक्रिट ठूला पर्यटक लक्षित होटलहरु निर्माण गर्ने होटबाजी नै चलेको छ।

घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले मार्फा गाउँभित्र कसैले पनि पुराना घरहरु मासेर आधुनिक घरहरु निर्माण गर्न नपाइने गाउँलेहरुले नियम बनाएको जानकारी दिनुभयो। यहाँको गल्लीभित्रको सम्पदा पर्यटकीय तथा सांस्कृतिक सम्पती भएकाले यसलाई मासेर आधुनिकतातर्फ लम्किनु आत्मघाती हुने भएकाले मार्फा गाउँबासी यसतर्फ सचेत रहेको बताउनुभयो।

पर्वतका नितेन श्रेष्ठले मुस्ताङ योसँगै तेस्रोपटकको भ्रमण रहेको बताउनुभयो। मोटरसाइकल चढेर साथीहरुसँगै मुक्तिनाथ दर्शन र कोरलानाका घुम्ने योजना बनाएका श्रेष्ठले मार्फा गाउँमा भ्रमण यात्रा सुरु गरेको जानकारी दिनुभयो। "पहिलो पटक तीन वर्षअघि आउँदा यहाँ कोही पर्यटक आएको देखिएको थिएन, अहिले तेस्रोपटक आउँदा यहाँ आउँदा त पर्यटकले थेगिसक्नु रहेछ", श्रेष्ठले भन्नुभयो, "गाउँभित्रको सौन्दर्यता बढाइएको रहेछ, गल्लीगल्लीमा नामाकरण गरिएको रहेछ।" मार्फा गाउँले पर्यटन बढाउने तरिका अपनाएकै कारण यस ठाउँको महत्व बढेको श्रेष्ठले सुनाउनुभयो।

पोखराकी सोनी गुरुङ पनि मार्फामा साथीहरुसँगै भेषभूषा लगाएर टिकटक बनाउँदै थिइन्। यसैबीचमा उहाँलाई सोधिएको प्रश्नमा सोनी भन्नुहुन्छ, "मुस्ताङ जिल्ला स्वर्गको एक टुक्रा हो, यहाँ आएपछि सबै दुःख पीडा थकान बिर्साइदिन्छ, साँच्चै मुस्ताङ एक पटक घुम्नै पर्ने जिल्लाको हो।" मुस्ताङ घुम्ने क्रममा मार्फा गाउँमा पस्दा निकै रमाइलो अनुभूति भइरहेको सोनीले उल्लेख गर्नुभयो। पर्यटकको भीडले गल्ली पूरै भरिएको देख्दा ठमेल बजारको याद दिलाइएको सोनीले उल्लेख गर्नुभयो। यहाँभित्र गल्लीगल्लीहरु चाहर्दा पृथक प्रकारको रमाइलो भएको उहाँको भनाइ छ।

मुस्ताङ भ्रमणका लागि मार्फा आउनु भएका भक्तपुरका पर्यटक सुर्दशन न्यौपानेले धार्मिक तथा पर्यटकीय जिल्लाको पर्यटन प्रर्वद्धनका निम्ति सरोकारवाला निकायहरु सचेत रहनुपर्ने सुझाउनुभयो। मुस्ताङ पर्यटकीय हब भइसकेको र यसको उपयुक्त व्यवस्थापन गर्न नसकेमा दुरगामी असर पार्ने उल्लेख गर्नुभयो। यहाँ आएका पर्यटकहरुले बुक गरेका होटलहरु पनि सञ्चालकहरुले धोका दिएर बढी मूल्यमा अरुलाई दिने गरेको र यसले मुस्ताङको छविलाई बिगार्ने भएकाले त्यस्तो नगरिदिन अनुरोध गर्नुभयो। मुस्ताङ भ्रमण गर्न आएका पर्यटकहरुमध्ये कतिपयले होटल र खान बस्नको सुविधा नपाउँदा सास्ती पाएको बताउनुभयो।

यहाँको मार्फा गाउँभित्र सम्तेन ध्योलिङ बुद्धिस गुम्बा छ। गाउँभित्रको बिजुलीका तारहरु समेत पूरै भूमिगत गरिएको छ भने गाउँभित्रका घरहरुमा लस्करै लुङ्ता झुन्डइएका पनि मार्फा गाउँभित्रको सौन्दर्यता बढाइदिएको छ। स्याउ बगानमा लटरम्म स्याउ फल्ने याममा पर्यटकहरु स्याउ बगैंचा अवलोकन गरे बेग्लै अनुभूति लिनसक्ने सुविधा छ। पछिल्लो समय घरपझोङ गाउँपालिकाले गाउँ नजिकैको थुम्को स्टेट फ्रि टावर निर्माण गरेको छ। टावरमा पुगेका पर्यटकले मार्फा गाउँको सौंन्दयैता अवलोकन गर्न पाउँछन्। मार्फामा आधा दर्जनभन्दा बेसी स्याउको प्रशोधित डिस्टिलरी संञ्चालनमा छन्। डिस्टिलरीमा पर्यटकले ब्रान्डी बनाएको समेत हेर्न सकिने सुविधा छ। यसैगरी मुस्ताङमा स्याउ उत्पादन तथा स्याउ प्रविधि प्रशारणका लागि स्थापित ५० वर्ष पुरानो शीतोष्ण बागवानी विकास केन्द्र छ। यहाँ पर्यटकहरुले कृषिसम्बन्धी सम्पूर्ण जानकारी हासिल गर्न सक्छन्। यहाँको मार्फा गाउँ पर्यटकीय गन्तब्यका रुपमा मात्रै होइन स्वदेशी तथा विदेशी चलचित्र केन्द्रको रुपमा समेत विकास हुन थालेको छ। मार्फामा नेपाली चलचित्र जेरी, कबड्डी, प्रेम गीतलगायतका दर्जनौं चलचित्र छायाङ्कन भइसकेको छ। यहाँको परम्परागत धर्म संस्कृति र रीतिरिवाज र थकाली सभ्यता र यहाँको प्राकृतिक सौन्दर्यताका कारण मुस्ताङको मार्फा चलचित्र स्पटको रुपमा समेत चिनिन थालेको हो।

# दृष्टिविहीन इन्द्रप्रसादको आत्मनिर्भर जीवन

पोखरापत्र संवाददाता
म्याग्दी, १४ कार्तिक

म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका-५ लेकफाँटका इन्द्रप्रसाद सुवेदीले दुवै आँखा देख्नुहुन्न। आवाजको भरमा मान्छे चिन्नुहुन्छ। हिँडेर घरदेखि टाढा जान सहयोगीको आवश्यकता पर्छ।



शारिरीक रूपमा अशक्त भए पनि इन्द्रप्रसादले कृषि फार्म सञ्चालन गरेर सफल उद्यमीको पहिचान बनाउनुभएको छ। कृषि फार्म सुरु गर्नुअघि इन्द्रप्रसादले रोजगारीका लागि १३ वर्ष कतार, साउदी र मलेसियामा श्रम र पसिना बगाउनुभयो। विदेशमा सोचेजस्तो सफलता मिलेन। विदेशमा मेसिनरी उपकरणमा काम गर्ने क्रममा आँखाको दृष्टि गुम्यो। आँखामा समस्या देखिएपछि स्वदेश फर्किएका इन्द्रप्रसादले १० वर्षअघि कृषि फार्म स्थापना गर्ने योजना सुनाउँदा धेरैले विश्वास गरेनन्। "विदेशबाट फर्केर आएपछि मेरा आँखा बिग्रिए पनि हिम्मत हारिन", उहाँले भन्नुभयो, "खेतालाहरूलाई आइडिया दिएर काम गराइरहेको छु।" कृषि पेसाबाटै आत्मनिर्भर बनेका इन्द्रप्रसाद र उहाँकी श्रीमतीले सञ्चालन गरेको इन्द्रदेवी कृषि फार्मले पाँच जनालाई आंशिक रोजगारी दिएको छ। कृषि फार्मबाट भएको आम्दानीले घरव्यवहार चलाउने र छोरीलाई काठमाडौंमा विज्ञान विषयमा स्नातक तह अध्यापन गराउनुभएको छ। तरकारी बेचेर भएको आम्दानी उहाँले आँखाको उपचारमा खर्चिए पनि सफल हुनुभएको छैन। इन्द्रप्रसादका अनुसार आँखाको समस्या नै पहिचान नहुँदा ठूला अस्पताल र नेत्ररोग विषेशज्ञहरूकहाँ पुगे पनि उपचार सफल नभएको हो। इन्द्रप्रसादलाई कामदार खोज्न भौतारिनु पर्दैन। कामदार काम खोज्दै घरमै आउँछन्। घरवरपरको २० रोपनी पाखोबारीमा सुन्तला बगैंचा छ। हुर्कँदै गरेका सुन्तला बगैंचाभित्रको जमिनलाई सदुपयोग गरेर अन्तरेबालीको रूपमा बन्दा, काउली र अदुवाखेती गर्नुभएको छ। नजिकै ३० रोपनीमा व्यावसायिक आलुखेती गर्नुभएको छ। गत वर्ष रु चार लाख मूल्य बराबरको ८० क्विन्टल आलु बिक्री भएको इन्द्रप्रसादले बताउनुभयो। मौसमी र बेमौसमी तरकारीबाट थप आम्दानी हुन्छ। भैंसी र बाख्रा पनि पाल्नुभएको छ। गाउँमै कच्ची सडक पुगेको हुँदा उत्पादन भएको तरकारी बजार पुर्याउन समस्या छैन। फोनमार्फत माग सङ्कलन गरेर बेनी, कुश्मा र बागलुङका व्यापारीलाई तरकारी पठाउनुहुन्छ। व्यापारीले खातामै पैसा पठाउँछन्। शारीरिक रूपमा अशक्त भए पनि हिम्मत नहार्ने हो भने सफलता हात पार्न सकिने सन्देश इन्द्रप्रसादले दिनुभएको जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताउनुभयो। "आँट र साहस हुने तथा परिवारका सदस्यले साथ दिने हो भने व्यवसाय र उद्यम गर्न शारीरिक अशक्तता बाधक बन्दैन भन्ने उदाहरण इन्द्रप्रसाद हुनुहुन्छ", उहाँले भन्नुभयो, "गाउँपालिकाले उहाँलाई खेतीका लागि प्राविधिक र आर्थिक सहयोग गरेको छ।"

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाले सुन्तलाखेतीका लागि बिरुवा खरिद, खाडल खन्न, उपकरण खरिद र पोखरी निर्माण गर्न ५० प्रतिशत अनुदान सहयोग गरेको उपाध्यक्ष आचार्यले बताउनुभयो।

# महायज्ञ सुरु नहुँदै आश्रम बनाउन जुट्न थाल्यो सहयोग रकम

पोखरापत्र संवाददाता
बागलुङ, १४ कार्तिक

मानव सेवा आश्रमको भवन निर्माणका लागि महायज्ञको तयारी तीव्र पारिएको छ। यही कात्तिक २१ देखि २८ गतेसम्म बागलुङको निरयघाटमा आयोजना गरिएको मानवसेवा आश्रम, बागलुङको भवन निर्माणार्थ आयोजित श्रीमद् भागवत् सप्ताह ज्ञानविज्ञान महायज्ञ सुरु नहुँदै बागलुङमा सहयोग जुट्ने क्रम सुरु भएको छ।

महायज्ञको मिति नजिकिँदै जाँदा दाताहरुले भवन निर्माणका लागि आर्थिक सहयोग गर्न थालेका छन्। आश्रमको भवन निर्माणका लागि हाल अमेरिका निवासी रेनुका अधिकारी, इन्द्रमणि अधिकारी र मनु अधिकारीले भवन निर्माणका लागि रु ५० हजार ५९८ सहयोग गर्नुभएको छ। सोही क्रममा बागलुङ नगरपालिकाका प्रमुख बसन्तकुमार श्रेष्ठले आश्रम भवनको पूर्णताका लागि नगरपालिकाका तर्फबाट आर्थिक, भौतिक र नैतिक सहयोग गर्ने प्रतिबद्धता जनाउनुका साथै आफ्नो एक महिनाको तलब सहयोग गर्ने घोषणा गर्नुभएको छ।

बागलुङ नगर उप-प्रमुख राजु खड्काले भने भवन निर्माणका लागि रु एक लाख १११ सहयोग गर्ने बताउनुभयो। त्यसैगरी वडा नं ८ का वडाध्यक्ष छमबहादुर कार्कीले एक महिनाको तलब सहयोग गर्ने घोषणा गर्नुभएको छ,भने अन्य कार्यपालिका सदस्यले आफ्नो १५ दिनको भत्ता सहयोगस्वरूप दिने घोषणा गरेका छन्। त्यस्तै गलकोट नगरपालिका-१० निवासी समाजसेवी मानसिंह छन्त्यालले रु एक लाख पाँच हजार ५५५ सहयोग गर्ने बताउनुभएको मानव सेवा आश्रमका अभिभावक सुमिरा लामाले जानकारी दिनुभयो। हाल बागलुङ-३ लालीगुराँसचोकमा अवस्थित मानवसेवा आश्रम बागलुङ शाखामा ३५ महिला र २९ पुरुष गरी ६४ जना आश्रित रहेका छन्। बागलुङ-४ निरयघाटमा निर्माणाधीन भवन चैत मसान्तभित्र सम्पन्न गर्ने लक्ष्यसहित महायज्ञ आयोजना गर्न लागिएको हो। महायज्ञमा भागवत् भाष्कर कमलनयन गौतमले कथा वाचन गर्ने कार्यक्रम तय गरिएको छ। महायज्ञको तयारी र प्रचारप्रसार तीव्र पारिएको मानसेवा आश्रमले जनाएको छ। महायज्ञलाई सफल बनाउन बागलुङ-२ मा सचिवालय स्थापना गरिएको छ। सचिवालयबाट प्रचारप्रसार, जनसम्पर्क, सदस्यता वितरण र सहयोग सङ्कलनको काम अघि बढाइएको छ। आश्रमले महायज्ञबारे जानकारी दिन जिल्ला समन्वय समितिको कार्यालय बागलुङ, पर्वत र म्याग्दीमा स्नेहमिलन कार्यक्रम सम्पन्न गरिसकेको छ। मूल समारोह समितिका महासचिव युक्तप्रसाद सुवेदीका अनुसार सचिवालयले महायज्ञ तयारीलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्य राखिएको छ। दुई सय जना सहयोगपक्षीलाई सेवा प्रदान गर्न सकिने भवन निर्माण र अक्षयकोष वृद्धि गर्ने उद्देश्यले महायज्ञ आयोजना गर्न लागिएको हो। मानवसेवा आश्रमले साविक धौलागिरी अञ्चललाई कार्यक्षेत्र बनाएको छ। हाल आश्रममा ६४ जना सहयोगापेक्षीले आश्रय लिएका छन्। उनीहरूको पालनपोषण र रेखदेखमा मासिक रु १० लाखभन्दा बढी खर्च हुने गरेको छ। भवन निर्माणका लागि हालसम्म रु पाँच करोड रकम खर्च भइसकेको र निर्माण पूर्ण रूपमा सम्पन्न गर्नका लागि अझै रु चार करोड आवश्यक रहेको निर्माण उपभोक्ता समितिले जनाएको छ। महायज्ञमार्फत आवश्यक रकम सङ्कलन गरेर भवन निर्माण र दीर्घकालीन व्यवस्थापनका लागि कोष सुदृढ बनाउने लक्ष्य लिइएको छ।

# बाढीले तेताङमा १२ च्याङ्ग्रा मरे, सिँचाइ कुलो र खानेपानीमा क्षति

रासस
मुस्ताङ, १४ कार्तिक

वारागुङ मुक्तिक्षेत्र-३ तेताङ गाउँमा बाढीले बगाएर १२ च्याङ्ग्रा मरेका छन्। वर्षासँगै तेताङ गाउँबीचको मङ्च खोलाको बाढी बगाएर चार खसी र आठ च्याङ्ग्रा मरेका हुन्।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक छिरिङकिप्पा लामाका अनुसार बिहीबार तेताङ गाउँमाथिबाट बाढीले पुऱ्याएको क्षति विवरण सङ्कलन गर्न तथा उद्धारका लागि इलाका प्रहरी कार्यालय छुसाङको प्रहरी टोली तेताङ पुगेको छ। अहिले प्रहरी टोली तेताङ गाउँ पुगिसकेको र विवरण आउन बाँकी रहेको उहाँले बताउनुभयो।

यसैगरी मङ्च खोलाको बाढीले तेताङ गाउँकाको सिँचाइ कुलो र खेतका पर्खालमा क्षति पुगेको स्थानीय सोनाम छिरिङ गुरुङले जानकारी दिनुभयो। तेताङमा करिब १५ मिटरभन्दा बढी सिँचाइ कुलो बाढीले बगाएको छ। तेताङ गाउँमा खानेपानी सेवा अवरुद्ध भएको। यसैगरी जिल्ला ट्राफिक कार्यालय जोमसोमदेखि तल रहेको कार्यालय भवनमा वर्षाका कारण ढुङ्गा खस्दा कार्यालय भवनमा आंशिक क्षति पुगेको छ। मनसुन सक्रिय रहेसँगै वर्षाले मुस्ताङका धेरैजसो स्थानका सडक अवरुद्ध भएका छन्। यस्तो अवस्थामा केही दिन मुस्ताङको यात्रा नगर्न वारागुङ मुक्तिक्षेत्र-१ का वडाध्यक्ष प्रमेश गुरुङले आग्रह गर्नुभएको छ।

यसैगरी उपल्लो मुस्ताङका विभिन्न स्थानमा बिहीबार राति हिमपात भएको छ। एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलका अनुसार अहिले सामान्य हिमपात भइरहेको छ। मुक्तिनाथ क्षेत्रमा अहिले वर्षा भइरहेको मुक्तिनाथ विकास समितिका कर्मचारी रबिन सुवेदीले जानकारी दिनुभयो।

यस्तै घरपझोङ र थासाङ गाउँपालिकामा पनि मङ्गलबारदेखि निरन्तर वर्षा भइरहेको छ। यहाँका उच्चलेकमा हिमपात भए पनि बस्ती क्षेत्रमा हिउँ पर्न नसकेको स्थानीय मनिता थकालीले जानकारी दिनुभयो।

# नि:शुल्क स्वास्थ्य शिविरबाट ८२६ महिला लाभान्वित

पोखरापत्र संवाददाता
बागलुङ, १४ कार्तिक

रोटरी क्लबको आयोजनामा बुर्तिबाङमा महिलाका निम्ति सञ्चालित चारदिने निःशुल्क स्वास्थ्य शिविर बिहीबार सम्पन्न भएको छ।

शिविरबाट ८२६ जना लाभान्वित भएका छन्। रोटरी क्लब अफ बुर्तिबाङका अध्यक्ष ध्रुव सुवेदीका अनुसारशिविरमा पाठेघर खसेका, पाठेघरको मुख तथा स्तनसम्बन्धी समस्या भएका बिरामीको परीक्षण तथा उपचार गरिएको छ। शिविरान ३८४ जनाको पाठेघर परीक्षण तथा १४ जनाको पाठेघरको शल्यक्रिया गरिएको छ। स्वास्थ्य परीक्षणका निम्ति शिविरमा ढोरपाटन नगरपालिका, बडिगाड, निसीखोला, तमानखोला गाउँपालिकासहित छिमेकी जिल्ला गुल्मी र रुकुमबाट पनि बिरामी आएका थिए।